नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २४ २०७९ साल साउन २९ गते आइतबार (14 Aug 2022 Sunday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कारबाही बढे पनि ... ३ पृष्ठमा : सामाजिक सञ्जालमा ... ३ पृष्ठमा : एफबिआईको कार्यालयमा ...

# संघ सरकारबिरुद्ध मधेश प्रदेश सरकार आन्दोलनमा



**दैनिक समाचारदाता**
**जनकपुर, २८ साउन ।**

मधेश प्रदेश सरकारले आइतबारदेखी संघ सरकारबिरुद्ध आन्दोलन गर्ने भएको छ । प्रहरी समायोजनमा गम्भीरता नदेखाएको भन्दै प्रदेश सरकारले आन्दोलनको घोषणा गरेको हो ।

मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले संघ सरकारले प्रहरी समायोजनमा गम्भीर नभएको भन्दै शनिवार पत्रकार सम्मेलनमार्फत आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका हुन् ।

आन्दोलनका कार्यक्रम अनुसार आइतबार बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म २ घण्टा प्रदेश प्रमुखको कार्यालयमा धर्ना दिने रहेको छ । मुख्यमन्त्री लालबाबु राउतको नेतृत्वमा हुने धर्ना कार्यक्रममा मधेस प्रदेश सरकारका मन्त्रीहरु, प्रदेशसभा सदस्यहरु, नागरिक समाज, वुद्धिजीवी लगायतका व्यक्तिहरुको सहभागिता रहने छ ।

धर्ना कार्यक्रम एक सातासम्म चल्ने र त्यसपछि पनि संघ सरकार गम्भीर नभए दोस्रो चरणका आन्दोलन घोषणा गर्ने मन्त्री साहले बताए ।

उनले गठबन्धनमा रहेका केही दल संघीयता विरोधी रहेको र उनीहरू संघीयता सबल नहोस् भन्ने चाहेकाले प्रहरी समायोजना गर्न सरकारले आलटाल गरिरहेको आरोप लगाए ।

प्रधानमन्त्री शेरबहादुर देउवासहित गठबन्धनका नेताहरूलाई भेटेर ज्ञापनपत्र बुझाइसकेको र त्यसपछि प्रदेश प्रमुख मार्फत पनि प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको बताउँदै उनले संघीय सरकारले वास्ता नगरेपछि बाध्य भएर धर्ना दिन लागिएको जानकारी दिए ।

यसअघि साउन २२ गते प्रहरी समायोजन गर्न मधेश प्रदेश सरकारले प्रधानमन्त्री शेरबहादुर देउवालाई ७ दिने अल्टिमेटमसहित ध्यानाकर्षणपत्र बुझाएको थियो ।

गृह तथा सञ्चारमन्त्री साहले संघीय संसदबाट पारित भएको प्रहरी कर्मचारी समायोजन ऐन २०७६ एवं नेपाल प्रहरी र प्रदेश प्रहरी कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी ऐन २०७६ माघ २८ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएर कार्यान्वयनमा आइसकेकाले शीघ्र रुपमा प्रहरी समायोजन हुनुपर्ने बताए ।

संविधानको धारा २६८ ले प्रदेश प्रहरीको संगठन व्यवस्थापन गरेको तथा संविधानकै अनुसूची ६ को क्रम सख्या १ मा शान्ति सुरक्षा सम्बन्धी अधिकार प्रदेश सरकारको क्षेत्राधिकारको सूचीभित्र उल्लेख रहेकाले संविधानको कार्यान्वयन तथा प्रदेशमा शान्ति सुरक्षाको प्रभावकारी व्यवस्थापनका लागि चुनाव अगाडि नै प्रहरी समायोजन हुनु पर्ने माग गरिएको छ ।

# सरकारद्वारा मिटरब्याजीविरुद्ध उजुरी दिन आह्वान

काठमाडौँ, २८ साउन (रासस) ।

सरकारले मिटरब्याजीविरुद्ध बढीभन्दा बढी तथ्य र प्रमाण जुट्ने गरी स्थानीय प्रशासन कार्यालयमा उजुरी दिन पीडितहरुमा आह्वान गरेको छ ।

मिटरब्याजी अपराध नियन्त्रणका लागि प्रधानमन्त्री शेरबहादुर देउवाको निर्देशनपछि शुक्रबार मात्रै गृहमन्त्रीस्तरीय निर्णयबाट मिटरब्याजी अपराध नियन्त्रणका सिफारिस गर्न गठित कार्यदलले शनिबार एक सूचना जारी गरी आगामी भदौ ५ गते भित्रमा उजुरी दर्ता गर्न आग्रह गरेको हो ।

'मुलुकभर नै मिटरब्याजीको जालो फैलिएको हुनसक्ने अवस्थालाई मध्यनजर गरी मिटरब्याज पीडितबाट त्यस्ता मिटरब्याजीले गरेका अपराध र शोषणविरुद्ध आदि-आफ्नो जिल्लास्थित प्रशासन कार्यालयमा आगामी भदौ ५ गतेभित्र यथासम्भव बढी तथ्य र

*बाँकी तीन पृष्ठमा*

# प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि ४० दल दर्ता

काठमाडौँ, २८ साउन (रासस) ।

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि शनिबार अपराह्नसम्म विभिन्न ४० राजनीतिक दलले दल दर्ता गराएका छन् । राष्ट्रिय मान्यता प्राप्त नेकपा (एमाले), लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा), नेकपा (एकीकृत समाजवादी) लगायत दलले आसन्न निर्वाचनमा भाग लिने प्रयोजनका लागि दल दर्ता गराएको आयोगले जनाएको छ ।

आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिनका लागि यही साउन २२ देखि ३१ गतेसम्म दल दर्ताका लागि आह्वान गरेको छ । सार्वजनिक बिदाका दिन पनि आयोगको कार्यालय खुला रहने र निर्वाचनसँग सम्बन्धित काम नियमितरुपमा सम्पादन हुने जनाइएको छ ।

यही साउन १९ गतेसम्म आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिन आयोगमा दल दर्ता गर्नुपर्छ । शनिबार शनिबार पनि दल दर्ता गर्ने क्रम चलिरहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो । आगामी मङ्सिर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन हुँदैछ ।

## सूचना । सूचना ॥ सूचना ॥।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी**
**फारम बुझाउने अन्तिम मिति : २०७९/५/९**
**प्रवेश परिक्षा मिति : २०७९/५/१६ गते बिहान ८ बजे**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय ....

# नियमित हाट बजारको अनुगमन आवश्यक

अहिले सप्तरी जिल्लामा तरकारीहरुको मुल्य बिचौलियाहरुका कारण महँगिने गरेको छ । जिल्लामा उब्जने तरकारीहरु बाहेक अन्य स्थानबाट ल्याइएको प्याज, आलु लगायत अन्य तरकारीहरु उपभोक्ताको पहुँच भन्दा बाहिर पुग्न थालेको छ । तरकारी दैनिकी आवश्यक भएकाले हैसियत भन्दा माथि उठेर उपभोक्ता अहिले किन्न बाध्य भएका छन् । अधिकांश तरकारी बाहिरबाट आयात गरिने गरिन्छ । जसकारण आम उपाभोक्ता तरकारीको उचित मुल्य बारे थाहा पाउन सक्दैनन् । पहिला पहिला तरकारीको मुल्य किलोमा तय हुने गरिन्थ्यो । तर, अहिले बजारमा उपभोक्ताले किन्न लागेको तरकारीको भाउ पाउको दरमा बताउने गरिन्छ ।

कुनै चाड पर्वको बेलामात्र सरकारी संयन्त्रले गर्ने गरेको बजार अनुगमनलाई तीब्र पार्न उपभोकताहरुले आवाज उठाउन थालेका छन् । नियमित बजार अनुगमन नहुँदा तरकारीको भाउ अनियन्त्रित हुन पुगेको छ । बाहिरबाट तरकारी आउँछ, अहिले त्यहाँ महँगो भएको छ भन्दै थोक व्यापारीहरु तरकारीको मनोमानी भाउ बढाएर उपभोक्तालाई ठग्दा समेत अनुगमन संयन्त्र मुकदर्शक बनेका छन् । यस्तै कम तौल गरेर, ढकका सट्टा ढुंगा ईटाको प्रयोग गरेर समेत उपभोक्ता ठग्ने काम भइरहेकाले नियमित रुपमा बजार अनुगमनको खाँचो रहेको छ ।

तसर्थ तरकारी बजारको अनुगमन नियमित हुनु छ । यस्ता कार्यले उपभोक्तालाई थोरै भएपनि राहत पुऱ्याउनेतर्फ सरोकारवाला निकायको धयान जानु उत्तिकै जरुरी छ ।

# कारबाही बढे पनि कालोबजारीया घटेनन्

**राजाराम कार्की**

काठमाडौँ, २८ साउन (रासस) ।

सरकारले खाद्य स्वच्छता तथा गुणस्तर कायम गराउन गरेका प्रयास सन्तोषजनक देखिएका छैनन् । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग खाद्य स्वच्छता तथा गुणस्तर अनुगमन तथा नियमन गर्ने निकाय हो ।

विभागले आर्थिक वर्ष २०७७/७८ मा अखाद्य वस्तु उत्पादन गर्ने एक सय उत्पादक कम्पनीलाई कानुनी कारबाही गरेको प्रतिवेदनमा उल्लेख भएपनि बजारमा अखाद्य वस्तु उत्पादन गर्ने कम्पनी वा फर्मको सङ्ख्या भने घटेको देखिँदैन ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ को चौथो त्रैमासिक एवं वार्षिक अवधिको प्रगति समीक्षा प्रतिवेदनमा मुद्दा दायराको सङ्ख्या गत वर्षको तुलनामा १५ प्रतिशतले बढेको उल्लेख छ ।

आव २०७८/७९ मा चार हजार छसय ६० खाद्यान्न तथा दाना नमूना सङ्कलन गर्दा एक सय १५ कम्पनीले अखाद्य वस्तु उत्पादन गरेको ठहर गर्दै 'खाद्य ऐन, २०२३' बमोजिम विभागले मुद्दा दर्ता गरेको थियो ।

आव २०७८/७९ मा आठ हजार ६६ पटक खाद्य तथा दाना बजार, उद्योग, होटेल, रेष्टुरेन्ट, हाटबजार, मेला महोत्सवमा अनुगमन गरिएको र २०७८ कात्तिकदेखि तराईका सात नाकामा द्रुत विषादी अवशेष परीक्षण प्रयोगशाला स्थापना गरेर तरकारी तथा फलफूलका ५६ हजार तीन सय ३८ नमूना लिइ विषादी अवशेष परीक्षण भइरहेको उल्लेख गरे पनि उपभोक्ता भने आस्वस्त हुन सकेका छैनन् । विभागले निरन्तर कारबाहीको दायरा बढाउँदै लगेको तथ्याङ्कमा देखिए पनि कालोबजारीयाको सङ्ख्या नघटेकाले उपभोक्ता आस्वस्त हुन नसकेका हुन् ।

खाद्य पदार्थमा विशुद्धता कायम राख्न खाद्य ऐन, २०२३ बनाइएको थियो । उक्त ऐनले सर्वसाधारण जनताको स्वास्थ्य तथा सुविधा कायम राख्न खाद्य पदार्थमा कुनै अवाञ्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वाभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने व्यवस्था गरेको छ ।

ऐनबमोजिम अभियोग प्रमाणित भएमा दूषित खाद्य पदार्थ उत्पादन तथा विक्री वितरण गर्ने कम्पनीलाई 'खाद्य ऐन, २०२३' दफा ३ ले पाँच वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था गरेको छ ।

उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले कानुनी कारवाहीको दायरा विभागले बढाउँदै लगेको भए पनि कारबाही कमजोर र फितलो भएकाले अखाद्य वस्तु उत्पादन गर्ने कम्पनीको मनोबल बढ्दै गएको बताउनुभयो ।

कानून व्यवसायी हरिप्रसाद दुलालले खाद्यान्नमा लेवल, न्यूनगुणस्तर, ऐन नियमविपरीत, दूषित, अनुज्ञापत्र नलिएका र कोलिफर्म, मिसिएका खाद्य तथा पेयपदार्थ उत्पादन गरेका कम्पनी बजारमा छ्यापछ्याप्ती भेटिए पनि कानूनी कारवाही फितलो छ । फितलो कारवाही भएकैले कसुरदारले छिटो उनमुक्ति पाउछन् भन्नुभयो ।

विभागले पछिल्लोपटक सार्वजनिक गरिएको तथ्याङ्कमा दालमोठ, मासु, सब्जी, मिक्स मसला तथा अन्य मसलाजन्य पदार्थ, पाउरोटी, दही, दाना, प्रशोधित पिउने पानी, चाउचाउ, चिया, मुसुरोको दाल, घ्यू, आयातित तोरीको तेल, गाईबस्तुको दाना, चाउमिन, मह, बेकरी, गहुँको पीठो, चामल, पेडा, सूर्यमुखी तेल, पोष्टा दाना, क्यारामेल सस, कुखुराको दाना, बिस्कुट, मम, भेज सस, पुष्टकारी, बेनेगर र गुदपाकलगायत वस्तु अखाद्य ढङ्गले उत्पादन भइरहेको उल्लेख छ ।

बजारमा अखाद्य वस्तु उत्पादनसँगै खाद्यान्नमा व्यापक मिसावट हुने गरेको छ । होटलमा बासी भातलाई खीर, खसीको मासुमा बाख्राको मासु, दूधमा पानी, उन्नत जातको चामलमा न्यून गुणस्तरीय चामल, ताइचिनको चिउरामा अन्य जातको चिउरा, शुद्ध तोरीको तेलमा विभिन्न थरीका तेल, शुद्ध घिउमा डाल्ला घिउ, महमा चिनीपाक मिसावट गरी व्यापारीले कालोबजारी गर्दै आएको विभागले स्वीकार गरेको छ ।

उपभोक्ता संरक्षण ऐनले मिसावट गर्ने त्यस्ता व्यक्तिलाई तीन वर्षदेखि १० वर्षसम्म थुनामा पठाउनसक्ने उल्लेख गरेको छ तर उक्त ऐन कमजोर भएकाले फौजदारी अपराध संहिताको दफा १०७, १०८, र १०९ बमोजिम कारबाही गर्नुपर्ने अधिवक्ता दुलालको भनाइ थियो ।

## सरकारद्वारा मिटरब्याजी ...

प्रमाणसहित उजुरी दर्ता गर्न सार्वजनिक सूचना जारी गरिएको छ', कार्यदलका संयोजक डा भीष्मकुमार भुसालद्वारा जारी सूचनामा भनिएको छ ।

मिटरब्याजीहरुले निरक्षर, गरिब तथा आर्थिकरुपले अफ्ठेरो परिस्थितिमा रहेका व्यक्तिमाथि गरेको शोषणको शृङ्खलाले सयौं परिवारको बिचल्ली भएको समाचारहरु सार्वजनिक भइरहेका छन् । त्यस्ता आर्थिक अपराधमा संलग्नलाई कानुनको दायरामा ल्याई कारबाही गर्ने प्रक्रिया चलिरहेको गृहमन्त्रालयले जनाएको छ । अझै धेरै पीडितहरु आफ्नो पीडा सार्वजनिक गर्न वा कानुनी उपचारका लागि पहल गर्न नसक्ने अबस्थामा रहेको मन्त्रालयको निष्कर्ष छ ।

मन्त्रालयले कार्यदल गठन भएको एक घण्टा भित्रैमा नवलपरासी पश्चिमको प्रतापपुर र सुस्ता गाउँपालिकाबाट सङ्गठित भई काठमाडौँ माइतीघर मण्डलामा धर्ना दिँदै आएका मिटरब्याज तथा ठगीविरुद्ध किसान, मजदुर सङ्घर्ष समितिसँग काठमाडौँका प्रजिअ नेतृत्वको टोलीले वार्तासमेत गरिसकेको जनाएको छ । उक्त समस्या नवलपरासीमा मात्रै नभई अधिकांश जिल्लाहरुमा रहेको हुनसक्ने भएकाले स्थानीय प्रशासनमा उजुरी दर्ता गर्न आह्वान गरिएको हो ।

गृहमन्त्रालयले शुक्रबारमात्रै मन्त्रालयका सहसचिव डा भुसालको संयोजकत्वमा प्रहरीको केन्द्रीय अनसुन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्य, गृह मन्त्रालयका कानुन उपसचिव श्रीकृष्ण पौडेल, काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक मुकुन्द मरहट्ठा सदस्य रहेको कर्यादल गठन गरेको थियो ।

कार्यदलको सदस्यसचिवमा ब्यूरोका प्रहरी नायब उपरीक्षक रोशन खड्कालाई तोकिएको छ । कार्यदललाई एक महिनाभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको छ । कार्यदललाई मिटरब्याजी समस्या बढी भएका जिल्लामा स्थलगत भ्रमण गरी समस्याका कारण तथा समाधानका उपाय पहिचान गर्ने, मिटरब्याजीमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन अन्तर-निकाय समन्वय र सहकार्य गर्ने तथा आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?
नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**
जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९ मलेठ, सप्तरी
सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np

# सामाजिक सञ्जालमा बहकिएको समाज

राजेन्द्र किराती

समग्र अर्थराजनीतिक परिवेशअनुरुप उत्पादक शक्ति र सम्वन्धको विकास भएन भने त्यो पतन अवश्यंभावी हुन्छ । यसले माग सापेक्ष विकसित हुँदै गयो भने गुणात्मक रुपान्तरण सहितको नयाँ जीवन प्राप्त गर्दछ, यथास्थितिमै रह्यो भने विनाशको अवस्थामा पुग्दछ । यो विकास र विनाशको द्वन्द्वात्मक नियम हो । सबै वस्तुजगतमा यही सार्वभौमिकता लागु हुने गर्दछ ।

आज विज्ञान र प्रविधिको अभूतपूर्व विकास भएको छ । समयसापेक्ष जसले यसलाई सही उपयोग गर्दछ, उ अघि बढ्नेछ । अनि जसले यसको उपयोग गर्न जान्दैन, उ सामाजिक उत्पादन सम्वन्धको प्रक्रियाबाट अलग हुनेछ, जुन पतन वा औचित्यहिनताको अवस्था हो ।

विगत इतिहासमा महिनौं हिँडेर खवर आदान-प्रदान गर्ने समाज आज एकाएक विद्युतीय तरङ्गमार्फत् क्षण भरमै विश्व व्रह्माण्ड वुझ्न र देख्न सकिने भएको छ । हिजो अग्लो डिल वा छानादेखि जनाउ दिनुपर्ने मानव समाज आज विद्युतीय सञ्जालको माध्यमबाट निमेशमै हरेकको कान-कान, आँखा-आँखा, मन-मन र तन-तनमा भिज्न सफल भएको छ ।

अर्थात् विद्युतीय सञ्जाल सिंगो अर्थराजनीतिक तथा सामाजिक जीवनको अभिन्न अंग बनिरहेको छ । यो मानवीय क्रियाकलाप अभिव्यक्त गर्ने महत्वपूर्ण आयाम भइरहेको छ । सम्पूर्ण सामाजिक अन्तरक्रिया र गतिविधि अपडेट गर्ने द्रुतमाध्यम बनिरहेको छ । यहाँसम्म कि सामाजिक सञ्जाल आजसम्मको खोज-अनुसन्धानको उपलव्धि र सार वनेर खडा भएको छ ।

वस्तुतः सामाजिक सञ्जाल आज विश्व मानव समाजकै जीवन पद्धति वा शैली बनिसकेको छ । यो सुखद र गौरवपूर्ण विषय हो । यसबाट सिंगो विश्व जगतसँगै नेपाली समाजले पनि फाइदा लिइरहेको छ, जुन सर्वाधिक खुशीको कुरा हो । तर सार्वभौमतः कुनै पनि सत्ता वा वस्तुको जति सुव्यवस्थित र उचित रुपमा उपयोग गरिन्छ, त्यति नै वढी उत्पादनमुखी र परिणाममुखी हुने गर्दछ । जति यसलाई जथाभावी दुरुपयोग गरिन्छ, त्यति नै वढी अनुत्पादक र परिणामशुन्य हुन पुग्दछ । यो वस्तु वा सत्तासम्वन्धि दुरुपयोग र सदुपयोगको द्वन्द्वात्मक सच्चाई हो । वस्तुसंगत सत्यता र यथार्थताको कडी नै यही हो ।

मूलतः विद्युतीय तरङ्गद्वारा निर्देशित सामाजिक सञ्जालले सामान्य सूचना सञ्चारको मात्र काम गरेको छैन । यसले समय र मागसापेक्ष कामको विभिन्न शाखालाई सहज, सरल, छिटो, गुणात्मक र उत्पादनमुखी वनाउन अहम् भूमिका खेलिरहेको जगजाहेरै छ । अवको समुदाय, समाज र मुलुकको सफलता र असफलता नै यसैको वस्तुवादी सदुपयोग र दुरुपयोगमा निर्भर देखिन्छ ।

अवको विश्वमा जसले विद्युतीय तरङ्गलाई सही उत्पादनमा लगाउँछ, उसैले विश्वको नेतृत्व गर्ने प्रवल संभावना रहेको छ । अर्थात् यसको सही उपयोगमा सारा संभावनाको ढोका खुल्नेछ, अनि अप्ठ्यारा समाधन हुनेछ भने दुरुपयोग गरियो भने जतातत्तै अराजकता वढ्नेछ अनि विवेक गुम्नेछ । साथै सहज पनि एकाएक जटिल हुनेछ । यो धेरै गम्भीर सवाल हुन्, जसलाई नजरअन्दाज गर्नु घातक सिद्ध हुनेछ ।

आज विकसित र शक्तिशाली मुलुकहरु विज्ञान र प्रविधिको क्षेत्रमा उचाई चुम्न सफल भएका छन् । उनीहरु यसलाई कसरी अधिकतम् उपयोग गरेर संसारमा नेतृत्व स्थापित गर्ने भन्ने व्यापक होडवाजीमा छन् । विद्युतीय तरङ्गको सरल उपयोगसम्म हामीले जस्तै सवैले गर्लान् । तर अव यसको सरल प्रविधिजन्य उपयोग मात्र पर्याप्त हुने देखिदैन । यसको उत्पादनमुलक वहुआयामिक, रणनैतिक उपयोग वा परिचालन निर्णायक हुने निश्चित छ ।

अर्थात् वहुआयामिक र रचनात्मक रुपमा जसले यसलाई परिचालन गर्दछ, उही मात्र विश्व मानव समाजको नेतृत्व वा अभिभावक वन्न सक्षम वा सफल हुने देखिन्छ । यो कुनै ख्याल ठट्टा, आत्मरति र ईमोशनल कुरा हुँदै होइन । अवको वस्तुगत सत्य र धरातलीय यथार्थ हो यो । विश्वको स्वार्थगत जोडकोण वा सार यता खिचिएको सजिलै वुझ्न सकिन्छ ।

वस्तुतः सामाजिक सञ्जालजन्य सूचनाले सही, सत्यपरक र समाजोपयोगी सामग्री सञ्चार गर्नुपर्दछ । यसले वेथितिको ठाउँमा थिति, उग्र वा अतिको ठाउँमा सन्तुलन, अपराधको ठाउँमा निरापराध, भ्रष्टाचारको ठाउँमा पारदर्शिता, केटाकेटीपनको ठाउँमा परिपक्वता, विद्रोहीको ठाउँमा अभिभावक अनि कुशासनको ठाउँमा सुशासन स्थापित गर्न कोशेढुंगा वन्नु पर्दछ । तर विडम्वना नै भन्नु पर्ला, विज्ञान र प्रविधि विकासमा असाध्यै पछाडि रहेको नेपालमा सामाजिक सञ्जालको अत्याधिक गलत प्रयोग भइरहेको छ ।

एकातिरबाट मापन गर्दा नयाँ प्रविधिमा प्रयोगकर्ता बढ्नु सुखद पक्ष हो । तर पछिल्लो समय यसको अति-उपयोग हुन थालेको छ । राम्रै सोंच राखेर गरिएपनि अति-उपयोगले अन्ततः परिणाममा दुरुपयोग नै दिने गर्दछ । दुरुपयोग हुनु भनेको अनुत्पादक र परिणामहीन हुनु हो । यसले सामन्यतयः नोक्सान मात्रै पुर्याउँदछ । यो कसैको हितमा हुँदैन । अर्थात् एक वाक्यमा भन्नुपर्दा नेपालमा सामाजिक सञ्जालको अत्याधिक दुरुपयोग बढिरहेको छ ।

आज सामाजिक सञ्जालको प्रयोगसँगै मानवीय जीवन सहज र छिटो भएकोमा दुइमत छैन । यसले हाम्रो औसत जीवनशैलीमा अकल्पनीय रुपमा नयाँ धरातल सिर्जना गरेको छ । यो यसको सुखद र सकारात्मक पक्ष हो । तर पछिल्लो समय यो सही र समाजोपयोगी विषय संप्रेशण गर्ने भन्दा पनि गलत र उत्तेजित विषयवस्तु ओसार-पसार गर्ने मुल सडक वनिरहेको अनुभूति हुन्छ ।

कसैको समर्थन र सहयोग गर्ने नाममा पनि अत्याधिक समर्थन, अतिप्रचारवाजी, अतिहल्ला-खल्ला, अतिगुणगान र अतिदेवत्वकरणमा रमाइरहेको देखिन्छ । उता विरोध गर्ने नाममा पनि अतिविरोध, अतिनिषेध, अतिराक्षसीकरण, अतिदुश्मनी र अतिप्रतिशोधी वनिरहेको स्पष्टै छ ।

निरपेक्ष र आग्रहपूर्ण समर्थन र विरोधको परिपाटी झाँगिएको छ, जुन कालान्तरसम्म वस्तुवादी र वैज्ञानिक समर्थन तथा विरोधको रुपमा टिक्न सक्दैन । नेपाली समाजमा आलोचनात्मक समर्थन र विरोधको पद्धति छैन । आलोचनात्मक चेतको अभाव खट्किएको छ । आलोचनात्मक समर्थन र विरोधको सँस्कृति विना वस्तु, व्यक्ति वा सत्तालाई सही रुपान्तरण गर्न सकिदैन । यो साश्वत सत्य हो । तर यसमा आजसम्म कसैको ध्यान गएको देखिदैन ।

आज सामाजिक सञ्जालमा तथ्यपरक र वनावटी सवैखाले अभिनय देख्न सकिन्छ । यो वस्तुसंगत र यथार्थ धरातलमा भन्दा पनि स्वार्थ र आग्रहद्वारा निर्देशित छ । अर्थात् सामाजिक सञ्जालमा जति जति रणनैतिक वा सुनियोजित अभिनयमा आधारित माहौल सिर्जना गरिदैछ, उति नै वढी ईमोशनल र फुर्सदिलो दर्शक र श्रोताले काम पाइरहेका छन् । सञ्जालमुखी वा सञ्जालप्रेमी व्यक्ति वा समुदायले आफ्नो पोष्टलाई प्रभावकारी बनाउँदै सवैको मन जित्ने स्वार्थमा रणनैतिक सीप र चलख्याँईको सहारा लिनु अनौठो होइन । अचेत दर्शक र श्रोता लालयित हुनु नौलो होइन । तर सचेत नागरिक पनि भीडभाडमा हराउनु दुःख र लज्जाको कुरा हो ।

पछिल्लो समय सामाजिक सञ्जालको अति दुरुपयोग गर्ने सिलसिला अचाक्ली वढिरहेको छ । यहाँसम्म कि नक्कली आइडीमा पोष्ट गरेर कसैको कद वढाउने र कसैको मानमर्दन गर्ने गलत प्रवृत्ति कहालीलाग्दो देखिन्छ । त्यति मात्र होइन, मन नपरेको व्यक्ति, समुदाय, नेता र पार्टीले राम्रो वोलेको सम्पूर्ण अंश काँटछाँट गर्ने अनि सन्दर्भ र प्रसंगवश भनिएको नकरात्मक अंशलाई हाइलाइट गर्ने खतरनाक परम्परा वढिरहेको छ ।

अर्कोतिर मन परेको व्यक्ति, समुदाय, नेता र पार्टीले नराम्रो वोलेको सवै हटाएर सन्दर्भमा भनिएको थोरै राम्रोलाई युट्युव, फेसवुक लाइभ र टिकटक वनाएर भाइरल वनाउने अपराधिक मनोप्रवृत्ति डरलाग्दो गरी झाँगिएको छ । यस्तो चोटिलो, तिखो व्यङ्यवाणले समर्थक र विरोधीलाई स्वाद र त आनन्द आउला । तर खुच्चिङको अवस्था पनि होला ।

साथै, विरोधीले प्रतिवाद गर्दै प्रतिशोध र वदलाभाव राख्ला । तर हाम्रो समाजमा सही सँस्कृति र सही बाटो संस्थागत हुँदैन । यसले सामाजिक सद्भाव, सन्तुलन र सहिष्णु जीवन-व्यवहारको औसत मनोविज्ञानलाई एकाएक भड्किलो र इमोशनल व्यापारसम्म पुऱ्याइ दिनेछ । अन्तरविरोध, दुस्मनी र मनमुटावसँगै अशान्ति र अस्तव्यस्तताको पारो बढाइ दिनेछ ।

हिजोआज सामाजिक सञ्जालमा जथाभावी भड्किलो भिडियो र भनाई पोष्ट गर्ने क्रम फेसनकै रुपमा मौलाइरहेको छ । अधिकांशमा यस्तो गलत बानी बसिसकेको छ । यो सामाजिक सञ्जालको अपव्याख्या र चरम दुरुपयोग हो । यस्तो रवैयाले हामी माझ सापेक्षित सन्तुलनमा रहेको वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय सद्भाव खल्बलिने खतरा उत्तिकै रहन्छ ।

रणनैतिक योजनामा वारम्वार पोष्ट गरिएको सूचनाले अन्ततः दर्शक र पाठकमा सही र गलत बीचमा भ्रम पार्नेछ । यसले उनीहरुमा सही र गलत छुट्याउने क्षमता ह्रास हुँदै

*बाँकी अन्तिम पृष्ठमा*

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# विश्व समाचार

## एफबिआईको कार्यालयमा हतियारसहित प्रवेशको प्रयास गर्ने एक जना मारिए

वासिङटन, २८ साउन (रासस/सिन्ह्वा) ।

सिन्सिनाटीस्थित सङ्घीय अनुसन्धान ब्यूरो (एफबिआइ) को कार्यालयमा प्रवेश गर्न खोज्ने एक जना हतियारधारीको कानुन कार्यान्वयन निकायका अधिकारीहरूसँगको झडपमा मृत्यु भएको छ ।

बिहीबार बिहान हतियार बोकेका एक जनाले एफबिआईको कार्यालयमा जबर्जस्ती पस्ने प्रयास गरेको र उसले कार्यालय प्रवेशपूर्वको सुरक्षा प्रक्रिया उल्लङ्घन गरेपछि केहीबेर भनाभन भएको थियो । सुरक्षा अधिकारीहरूले सम्झाउने प्रयास गर्दा ती हतियारधारीले गोली चलाएपछि जवाफी कारबाहीमा उनको मृत्यु भएको हो । घटनास्थलमा नै ती हतियारधारी सन्दिग्धको ज्यान गएको ओहायोको प्रहरीले जनाएको छ ।

कानुन कार्यान्वयन इकाइका अधिकारीहरूले ती सन्दिग्धलाई छलफल तथा कम घातक रणनीति अख्तियार गरेर नियन्त्रणमा लिने प्रयास गरेका तर निज त्यहाँबाट भागेको र पुनः पक्राउको प्रयास गर्दा गोली प्रहार गरेकाले सुरक्षाकर्मीहरूको जवाफी कारबाहीमा निजको मृत्यु भएको प्रहरीको भनाइ छ ।

एफबिआईको कार्यालयमा हतियारसहित प्रवेश गर्ने निजको प्रयास, त्यसको मनसाय के थियो भन्ने स्पष्ट भएको छैन । अधिकारीहरूले त्यसको अनुसन्धान गरिरहेका छन् । यो घटना पूर्वराष्ट्रपटि डोनाल्ड ट्रम्पको फ्लोरिडा पामबिचस्थित निवासमा एफबिआईले छापा मारेको केही दिनपछि भएको हो ।

## प्यालेस्टिनी बालबालिकाको हत्याप्रति चिन्ता

अमेरिका २८ साउन (रासस/एएनआई) ।

इजरायली सेनाले कब्जा गरेको क्षेत्र र प्यालेस्टाइनमा भएका घटनामा यस वर्षको सुरुदेखि हालसम्म करिब ४० प्यालेस्टाइनी बालबालिकाको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रमुख उच्चायुक्त मिशेल बाचेलेटले एक विज्ञप्तिमा बताउनुभएको छ ।

“द्वन्द्वको क्रममा कुनै पनि बालबालिकालाई चोट पुऱ्याउनु गहिरो चिन्ताजनक कुरा हो र यस वर्ष धेरै बालबालिकाको हत्या र अपाङ्गसमेत पारिएको अव्यावहारिक हो”, अल जजीराले ब्याचेलेटलाई उद्धृत गर्दै जनाएको छ ।

गत हप्ता मात्रै कब्जा गरिएको प्यालेस्टाइन क्षेत्रमा १९ प्यालेस्टाइनी बालबालिकाको मृत्यु भएको थियो, यस वर्षको सुरुदेखि हालसम्म बालबालिकाको मृत्यु हुनेको सङ्ख्या ३७ पुगेको छ । गत साताको अन्त्यमा इजरायली सेनाले गाजामा गरेको आक्रमणमा १७ जना बालबालिकाको मृत्यु भएको थियो । मङ्गलबार कब्जा गरिएको वेस्ट बैंकमा इजरायली कारबाहीमा थप दुई बालबालिका मारिएका अल जजीराले जानकारी दिएको छ ।

गाजामा इजरायली आक्रमणमा भारी सङ्ख्या सर्वसाधारण माएिका संयुक्त राष्ट्र सङ्घका मानव अधिकार प्रमुखले बताउनु भएको छ । नागरिकहरुलाई मार्ने, घाइते पार्ने वा नागरिकका वस्तुहरुलाई क्षति पुऱ्याउने अन्तर्राष्ट्रिय मानवीय कानूनमा निषेध गरिएको छ ।

शुक्रबारदेखि आइतबारसम्मको तीन दिनको आक्रमणमा मारिएका ४८ प्यालेस्टाइनीहरूमध्ये कम्तीमा २२ जना सर्वसाधारण रहेका र ती मध्ये १७ बालबालिका र चार महिला भएका संयुक्त राष्ट्र मानवअधिकार कार्यालयले पुष्टि गरेको छ । इजरायली आक्रमणमा एक सय ५१ बालबालिका, ५८ महिला र १९ वृद्धवृद्धासहित सर्वसाधारण नागरिक घाइते भएका छन् ।

## तालिवानको शासनकालमा करिब ६० प्रतिशत पत्रकार कामबाट विस्थापित

काबुल, २८ साउन (रासस/एएफपी) ।

अगस्ट १५ मा तालिबान समूहले सत्ता सम्हालेपछि अफगानिस्तानमा ३९.५९ प्रतिशत सञ्चार माध्यम र करिब ६० प्रतिशत पत्रकार रोजगारी गुमाएको बताइएको छ । अफगानिस्तानमा पत्रकारको अवस्थाबारे चिन्ता व्यक्त गर्दै गैर-नाफामुलक अन्तर्राष्ट्रिय गैर-सरकारी संगठन (रिपोर्टर्स विदाउट बोर्डर्स)ले यो तथ्याङ्क सार्वजनिक गरेको हो ।

सूचनाको स्वतन्त्रताको अधिकारको रक्षा गर्नु आफ्नो उद्देश्य रहेको बताउने रिपोर्टर्स विदाउट बोर्डर्सको प्रतिवेदनमा भनिएको छ, “‘रिपोर्टर्स विदाउट बोर्डस’को सर्वेक्षणअनुसार १५ अगस्ट २०२१ मा तालिबानले सत्ता सम्हालेको एक वर्षमा अफगानिस्तानले आफ्ना ३९.५९ प्रतिशत सञ्चारमाध्यम र अधिकांश महिला पत्रकारसहित ५९.८६ प्रतिशत पत्रकार विस्थापित बनेका छन् ।”

प्रतिवेदनमा भनिएको छ, “तालिवान समूहले शासन सम्हालेपछि अफगानिस्तानमा आर्थिक सङ्कट र प्रेस स्वतन्त्रतामाथिको दमनका बीच भएको हो। टोलो न्यूजका अनुसार अफगानिस्तानमा पत्रकार र सञ्चार माध्यमको सङ्ख्याको हिसाबले पत्रकारितामा व्यापक अङ्कुश लगाइएको छ र सञ्चारमाध्यमलाई बन्द हुन बाध्य पारिएको छ ।”

महासचिव क्रिस्टोफ डेलोइरले भन्नुभयो, “अफगानिस्तानमा विगत एक वर्षमा पत्रकारिता धराशायी भएको छ । सञ्चारमाध्यम र पत्रकारहरूलाई कानूनहरूको अधीनमा राखिएको छ जसले मिडिया स्वतन्त्रतालाई सीमित गर्दछ र दमन र उत्पीडनको बाटो खोल्दछ ।”

अधिकारीहरूले सञ्चारकर्मीहरू माथि हुने हिंसा र उत्पीडनको अन्त्य गर्न र उनीहरूलाई निर्बाध रूपमा आफ्नो काम गर्न दिनुपर्दछ । तुलनात्मक रूपमा, स्थिति धेरै हदसम्म बिग्रिएको छ र यो १५ अगस्त, २०२१, भन्दा पहिलेको सङ्ख्याबाट पुष्टि हुन्छ । प्रतिवेदनअनुसार अफगानिस्तानमा १५ अगस्ट २०२१ भन्दा पहिले ५४७ सञ्चारमाध्यम थिए भने त्यसको एक वर्षपछि सन् २०२२ मा २१९ ले आफ्ना गतिविधि बन्द गरेका छन् ।

“संगठनको सर्वेक्षणले काबुलको पतन र इस्लामिक इमिरेट्स अफ अफगानिस्तानको निर्माणले सञ्चारमाध्यममा पारेको ठूलो प्रभावको बारेमा कुनै शङ्का छैन । सन् २०२१ अगष्ट १५ अघि ११ हजार ८ सय ५७ जना पत्रकार रहेकामा अहिले चार हजार ७५९ जना मात्र छन् । महिला पत्रकार सबैभन्दा बढी प्रभावित भएका छन्, यो समयमा ७६.१९ प्रतिशत महिला पत्रकारले रोजगारी गुमाएका छन् ।”

# मिटरब्याजीसम्बन्धी समस्या नियन्त्रण गर्न कार्यदल गठन

काठमाडौँ, २८ साउन (रासस)।

सरकारले मिटरब्याजसम्बन्धी समस्या नियन्त्रणका लागि कार्यदल गठन गरेको छ। प्रधानमन्त्री शेरबहादुर देउवाको निर्देशनअनुसार गृहमन्त्री बालकृष्ण खाणले मन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयका सहसचिव डा भीष्म भुषालको संयोजकत्वमा ६ सदस्यीय कार्यदल गठन गर्नुभएको छ।

कार्यदलको सदस्यमा प्रहरीको केन्द्रीय अनसुन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्य, गृह मन्त्रालयका कानुन उपसचिव श्रीकृष्ण पौडेल, काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक मुकुन्द मरहट्ठा हुनुहुन्छ।

कार्यदलको सदस्य सचिवमा ब्यूरोका प्रहरी नायब उपरीक्षक रोशन खड्कालाई तोकिएको छ। प्रधानमन्त्री देउवाले शुक्रबार बिहानमात्रै गृहमन्त्री खाण, प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र गृह मन्त्रालयका सहसचिवलाई बोलाएर मिटरब्याजीसम्बन्धी समस्या समाधानका लागि उपाय पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याउन र भविष्यमा यस्ता अपराध हुन नदिन आवश्यक पहल कदमी लिन निर्देशन दिनुभएको थियो। सोही निर्देशनका आधारमा उक्त कार्यदल गठन गरिएको हो।

कार्यदललाई एक महिनाभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको छ। कार्यदललाई मिटरब्याजी सम्बन्धी समस्या बढी भएका जिल्लामा स्थलगत भ्रमण गरी समस्याका कारण तथा समाधानका उपाय पहिचान गर्ने, मिटरब्याजीमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन अन्तर-निकाय समन्वय र सहकार्य गर्ने तथा आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी तोकिएको छ।

## *सामाजिक सञ्जालमा ...*

जानेछ। किनभने हाम्रो समाज विचार राजनीतिले भन्दा पनि उपभोगवादी र आडम्बरी भावनाद्वारा निर्देशित रहेको छ। यस्तो वस्तुगत चरित्र भएको समाजमा जनता भड्काउनु ठूलो मुद्धा चाहिँदैन। सा-साना प्राविधिक र इमोशनल विषय नै विवाद वा तात्कालीन कारणको लागि पर्याप्त हुन्छ। यो निकै संवेदनशील विषय हो।

त्यसैले गलत नियतमा सामाजिक सञ्जाल रङ्गाउनेहरुलाई निरुत्साहित गरौं। बुझेरबाहेक बहकिएर लाइक र कमेन्ट नगरौं। सरकारले पनि ठोस ऐन कानुन बनाएर यस्ता गलत माफियालाई ठाउँको ठाउँ कारवाही गर्ने पद्धतिको संस्थागत विकास गरौं। यसले दुरुपयोगकर्तालाई गम्भीर अपराध गरेछौं भन्ने वोध गराउनेछ। तब मात्रै गलत प्रवृत्ति निस्तेज हुँदै जानेछ।

होइन भने रणनैतिक वा सुनियोजित स्वार्थगत वा योजनागत उद्देश्यमा प्रायोजित गरिएको उत्तेजित र भड्किलो भिडियो र भनाइको रुपवादी माहौलमा तपाईं हामी सवै सचेत वा अचेत नागरिक पनि उत्पादनको सारा काम माया मारेर लाइक र कमेन्ट मार्फत समर्थन र विरोधको दोहोरी खेलमा भिड्नुपर्ने हुन्छ, जुन विडम्वना हो। सवै भेडे शैलीमा अन्धा-समर्थन र अन्धा-विरोधमा बहकिनुपर्ने हुन्छ। तपाईं हाम्रो भावनामा छचल्किएर अभिव्यक्त भएको निर्दोष लाइक र कमेन्टले सक्कलीलाई नक्कली अनि नक्कलीलाई सक्कली, सहीलाई गलत अनि गलतलाई सही अनि अपराधीलाई सज्जन र सज्जनलाई अपराधी सावित गरिदिनेछ। यो भनेको शारीरिक, मानसिक वा प्राज्ञिक श्रमशक्ति र समयको वर्वादी मात्रै हो। नकरात्मक सोंच-चिन्तनमा सिर्जनशील दिलदिमागलाई अल्मल्याउनु हो।

त्यसैले, नेपाली समाजमा सामाजिक सञ्जालको अपव्याख्या र दुरुपयोग बढ्दो छ। यसलाई सभ्य, सिर्जनशील, विवेकशील र उत्पादनमुलक बनाउने पहिलो जिम्मेवारी हाम्रै हो। यसलाई नियमन गर्ने नियामक निकाय सरकारको हो। नीतिगत र सामाजिक लक्ष्मणरेखा नाघेमा कारवाही गर्ने काम सरकारकै हो। हामी पनि सत्य-तथ्य बुझेर मात्र लाइक कमेन्ट गरौं। इमोसनमा मनपर्नेलाई अतिदेवत्वकरण, अतिसमर्थन र अतिभक्ति नगरौं। मन नपर्नेलाई अतिराक्षसीकरण, अतिविरोध र अतिदुश्मनी पनि नगरौं। विरोधीको पनि राम्रो कामको सराहना गरौं। आफ्नै गरेको नराम्रो कामको विरोध गर्ने हिम्मत गरौं। राम्रोलाई राम्रो र गलतलाई गलत भनौं।

प्रायोजित रुपमा पोष्ट गरिएका सामग्रीमाथि भावनामा छचल्किएर तल्लो स्तरको गाली-गलौज नगरौं। सामाजिक सद्भाव भड्किने सामग्री पोष्ट नगरौं। पोष्ट, लाइक र कमेन्ट गर्नै परे सभ्य, सिर्जनशील, विवेकशील विरोध, सल्लाह, सुझाव र रचनात्मक प्रतिक्रिया दिऔं। राजनैतिक शिष्ट र सभ्य भाषामा वहस-पैरवी गरौं। हामीले सही संस्कार सिकायौं भने मात्र भावी समाज र पुस्ता पनि संस्कार हुनेछ। अन्यथा सामाजिक थिति बिग्रिनेछ। अनि अराजकता र विवेक शुन्यता बढ्नेछ। यसमा सवै सचेत बन्न जरुरी छ। *साभार : रातोपाटी*

# त्रिसट्ठी स्थानीय तहले बजेट पेश गरेनन् मधेसका ३९ स्थानीय तहले बजेट विवरण बुझाएनन्

वीरगञ्ज, २८ साउन (रासस)।

देशका सात सय त्रिपन्न पालिकामध्ये हालसम्म ६३ स्थानीय तहले चालु आवको बजेट विवरण पेश गरेका छैनन्।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा बजेट प्रविष्ट गराएपछि चालु आवको कारोबार सुरु भएर भुक्तानी प्रक्रिया सुरु हुनेमा हालसम्म ६३ पालिकाले बजेट विवरण पेश नगरेको मन्त्रालयको स्थानीय तह समन्वय शाखाका प्रमुख रेशम कँडेलले जानकारी दिनुभयो।

मन्त्रालयका अनुसार हालसम्म पनि बजेट विवरण प्रविष्ट नगरेका स्थानीय तहमध्ये सबैभन्दा बढी मधेश प्रदेशका ३९ स्थानीय तह छन्। मधेश प्रदेशमा कूल १ सय ३६ वटा पालिका छन्।

हालसम्म बजेट विवरण प्रविष्ट नगराएका स्थानीय तहमध्ये प्रदेश नं १ मा तीन, बागमती प्रदेशमा चार, लम्बिनीमा दश, कर्णाली प्रदेशमा तीन र सुदूरपश्चिम प्रदेशमा चार स्थानीय तह छन्।

गण्डकी प्रदेशका सबै पालिकाले बजेट विवरण प्रविष्ट गराइसकेका छन्। उक्त मन्त्रालयले बजेट प्रविष्ट गराएका स्थानीय तहलाई चाँडै शीर्षकअनुसार मन्त्रालयको बजेट विवरण प्रविष्ट गर्न निर्देशन गरिसकिएको प्रवक्ता एवं सहसचिव वसन्त अधिकारीले जानकारी दिनुभयो।

नियमत स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ को उपदफा (६) मा नगर/गाउँसभाले असार मसान्तसम्म आगामी चालु आर्थिक वर्षको बजेट पारित गरिसक्नुपर्ने व्यवस्था छ। स्थानीय तहको सभाबाट आर्थिक वर्ष २०७९/८० को बजेट पारित भएको विवरण अनिवार्यरुपमा उक्त मन्त्रालयको पोर्टलमा प्रविष्ट गर्न बाँकी रहेका पालिककालाई पत्राचार गरिसकिएको हो।

# मंसिर ३ गते १८ वर्ष पूरा भएकाले मतदान गर्न पाउने

काठमाडौँ, २८ साउन (रासस)।

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचनको अघिल्लो दिन १८ वर्ष पूरा भएका मतदाताले मतदान गर्न पाउने भएका छन्।

आगामी मङ्सिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदातालाई मतदान गर्न पाउने व्यवस्था गरिएको आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो। त्यसका लागि मतदाता सूचीमा नाम दर्ता भएको हुनुपर्नेछ।

आयोगले गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा पनि निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेर मतदाता सूचीमा नाम भएका मतदातालाई मतदानमा सहभागी हुन पाउने व्यवस्था गरेको थियो। त्यसअघिका निर्वाचनमा निर्वाचनको मिति घोषणा भएको दिनसम्म १८ वर्ष पूरा भएका नागरिकलाई मात्र मतदानको व्यवस्था गरिँदै आइएको थियो।

आसन्न निर्वाचनमा करिब एक लाख त्यस्ता मतदाताले मतदान गर्न पाउने आयोगको अनुमान छ। निर्वाचनको मिति घोषणा भएको दिनदेखि मतदानको दिनसम्म १८ वर्ष पूरा हुने व्यक्तिले मतदान गर्न नपाउने व्यवस्था थियो। प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन आगामी मङ्सिर ४ गते देशभर एकै चरणमा निर्वाचन हुँदैछ।

गत वैशाख २९ गतेसम्म ८७ लाख ४१ हजार ५३० महिला, ८९ लाख ९२ हजार १० पुरुष र एकसय ८३ अन्य गरी एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता १८ वर्ष पूरा भएका आयोगले जनाएको छ। स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएपछि आयोगले गत असार १ देखि मतदाता नामावली सङ्कलन सुरु गरेको थियो।

सरकारले यही साउन १९ गते आगामी मङ्सिर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन गर्ने निर्णय गरेको थियो। निर्वाचनको मिति घोषणा भएसँगै आयोगले साउन २० गतेदेखि मतदाता नामावली सङ्कलनको काम स्थगन गरेको थियो।

आगामी भदौ १२ देखि १९ गतेसम्म निर्वाचन कार्यालयमा पुगी मतदाता नामावली अद्यावधिक गर्न सकिने आयोगले जनाएको छ। सो अवधिमा नामावलीमा भएको त्रुटि सच्याउने, कसैले झुठा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, दोहोरो नामावली भएको भए हटाउन निवेदन दिने, एकाघर परिवारको सदस्यको मृत्यु भएमा हटाउन निवेदन दिने, एकै वडाका दुई वा दुईभन्दा बढी मतदानस्थल भएकामा पायक पर्ने मतदानस्थलमा नाम सार्न सकिनेछ।

नामावली अद्यावधिक गर्न इमेल, फ्याक्स तथा अनलाइनबाट निवेदन दिन सकिने आयोगले जनाएको छ। मतदाता नामावली अद्यावधिक भएपश्चात् आगामी भदौ ३१ गते अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ।

# श्रीमतीको हत्या आरोपमा पक्राउ

वीरगञ्ज, २८ साउन (रासस)।

श्रीमतीको घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले श्रीमान्लाई शुक्रबार पक्राउ गरेको छ। पर्साको वीरगञ्ज महानगरपालिका-२३ इटियाहीका २६ वर्षीय दिनेशप्रसाद यादवले २३ वर्षीया श्रीमती प्रतिमाकुमारीको घाँटी थिचेर हत्या गरेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक प्रल्हाद कार्कीले जानकारी दिनुभयो।

घटनाको थप अनुसन्धान भइरहेको छ। प्रतिमाको शव परीक्षणका लागि नारायणी अस्पताल पठाइएको छ।

गत वर्षको वैशाखमा पर्साको पकाहा मैनपुर गाउँपालिका-६ निवासी धोरे निवासी प्रतिमाको दिनेशसँग मागी विवाह भएको थियो। प्रतिमाको पाँच महिनाको गर्भ रहेको माइती पक्षको भनाइ छ।

सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER — Money Transfer Made Easy
Best Remit — Quick & Easy
PRABHU Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME — International Money Express
himal remit — हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*